# जनमत पार्टी महाधिवेशन २०८३
# निर्देशिका

२०८३ भाद्र २२ गते केन्द्रीय सचिवालय तथा केन्द्रिय कार्यकारिणी समितिको निर्णय अनुसार २०८३ असोज ९ र १० गते हुने जनमत पार्टीको दोस्रो महाधिवेशनको प्रयोजनको लागि यो निर्देशिका जारी गरिएको छ।

## १. जनमत पार्टीको विधानमा रहेको महाधिवेशन सम्बन्धी व्यवस्थाहरू

**परिच्छेद** – ७

**महाधिवेशन**

**धारा १४ महाधिवेशन**

(क) महाधिवेशन पार्टीको सर्वोच्च निकाय हुनेछ र यसको आयोजना केन्द्रिय कार्यकारिणी समितिद्वारा सामान्यत: ५ (पाँच) वर्षमा गरिनेछ। तर विशेष परिस्थितिमा बढीमा छ महिनासम्म पछि सार्न सकिनेछ।

(ख) महाधिवेशनको काम, कर्त्तव्य र अधिकार

१. केन्द्रिय अध्यक्ष सहित केन्द्रिय कार्यकारिणी समिति र केन्द्रिय समिति निर्वाचित गर्ने,
२. सम्पूर्ण केन्द्रिय निकायहरू विघटन गर्ने (स्थायी समिति बाहेक),
३. पार्टी विधानमा आवश्यक संशोधन गर्ने, संशोधित विधान पारित गर्ने,
४. केन्द्रिय कार्यकारिणी समितिको तर्फबाट प्रस्तुत राजनीतिक तथा आर्थिक प्रतिवेदन, केन्द्रिय अनुशासन समिति, केन्द्रिय लेखा परीक्षण समिति र केन्द्रिय निर्वाचन समितिका प्रतिवेदन तथा प्रस्तावहरू माथि छलफल गरी पारित गर्ने ।

**(ग)** महाधिवेशनमा पार्टीका क्रियाशील सदस्य, समिति तथा भातृसंगठनहरु मध्येबाट अधिवेशन प्रतिनिधिको संख्या, अनुपात र निर्वाचन प्रक्रिया केन्द्रिय सचिवालयले निर्धारण गरे बमोजिम हुनेछ।

धारा — १७ केन्द्रिय कार्यकारिणी समिति

(क) केन्द्रिय कार्यकारिणी समिति बढीमा १५१ सदस्ययीय हुनेछ। त्यसमध्ये अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र सचिव गरी बढ़ीमा ३५ पदाधिकारीको केन्द्रीय सचिवालय रहनेछ भने अन्य सदस्यहरू रहनेछन्। पदाधिकारी तथा सदस्यहरू महाधिवेशनबाट तोकेबमोजिम निर्वाचित हुनेछन्। केन्द्रिय कार्यकारिणी समितिको पदाधिकारीमा उम्मेदबारी दिन स्थायी समितिको सदस्य भएको वा केन्द्रिय कार्यकारिणी समितिमा काम गरेको वा गरिरहेको वा विशेष समितिको प्रमुखको रूपमा काम गरेको वा गरिरहेको वा केन्द्रिय समितिमा काम गरेको वा गरिरहेको हुनुपर्नेछ। केन्द्रिय कार्यकारिणी समितिको सदस्यमा उम्मेदबारी दिन जिल्ला वा अन्य केन्द्रिय निकाय (विभाग, मोर्चा, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुंज)को कार्यकारिणी समितिको पदाधिकारी रहेको (सो नभएमा संयोजक/सहसंयोजक/इन्चार्ज/सहइन्चार्ज) वा केन्द्रिय समिति, विशेष समितिहरू, राष्ट्रिय परिषद् वा प्रदेश समितिको सदस्यको रूपमा काम गरेको वा गरिरहेको हुनुपर्नेछ। सो कुरा मनोनित गरिनुपर्ने सदस्यहरूको हकमा लागू हुने छैन। पद रिक्त रही वा भई मनोनित गरिनुपर्ने सदस्यहरूको हकमा सो कुरा लागू हुने छैन। कोषाध्यक्ष, प्रवक्ता तथा अन्य पदहरू तथा जिम्मेबारी स्थायी समितिले सृजना गरी तोक्न सक्नेछ। निर्वाचित हुन नसकेका वा रिक्त रहेका केन्द्रिय कार्यकारिणी पदाधिकारी र सदस्यहरूको हकमा क्षेत्रिय, लैंगिक र सामाजिक विविधता अनुसार सुनिश्चित् हुने गरी तथा महिलाको संख्या १/३ पुग्ने गरी सो पदहरूमा स्थायी समितिले सदस्य मनोनित गर्नेछ। निर्वाचन आयोगमा केन्द्रीय कार्यकारिणी समितिको सूची दर्ता गराइनेछ।

(ख) केन्द्रिय अध्यक्ष महाधिवेशनबाटै चुनिनेछन्। अध्यक्षमा उम्मेदबारी दिने मापदण्डः स्थायी समितिको सदस्य भएको वा केन्द्रिय कार्यकारिणी समितिको पदाधिकारी वा विशेष समितिको प्रमुखको रूपमा काम गरेको वा गरिरहेको हुनुपर्नेछ।

## २. महाधिवेशन निर्वाचन सम्बन्धी व्यवस्था

(क)पार्टीको प्रथम महाधिवेशन २०८३ साल आश्विन ९ र १० गते पर्सा जिल्लाको वीरगंज महानगरपालिकामा गर्ने निर्णय गरेको छ।

(ख)महाधिवेशन १०० केन्द्रिय कार्यकारिणी समितिको पदाधिकारी तथा सदस्यहरू निर्वाचित गर्ने निर्णय गरेको छ। बाकी ५१ सीट मध्ये क्षेत्रिय, लैंगिक, उमेर समूह र सामाजिक विविधता अनुसार सुनिश्चित् हुने गरी मनोनित गरिनेछ। समग्रमा ४० वर्ष मुनि युवाको प्रतिनिधित्व १/३ र महिलाको संख्या १/३ पुग्ने सुनिश्चिततता गरिनेछ।

(ग) केन्द्रिय कार्यकारिणी समितिको पदाधिकारी वा केन्द्रीय सचिवालयको लागि अध्यक्ष-१, उपाध्यक्ष-बढीमा ७, महासचिव-१, उपमहासचिव-१ र सचिव बढीमा ७ गरी बढ़ीमा १७ पदाधिकारी महाधिवेशनबाट निर्वाचित गरिनेछ। निर्वाचित हुन नसकेका वा रिक्त रहेका पदाधिकारीहरू राष्ट्रिय अध्यक्षले मनोनित गर्न सक्नेछन्। उम्मेदबारीको मापदण्ड मनोनित गरिनुपर्ने सदस्यहरूको हकमा लागू हुने छैन। कोषाध्यक्ष र प्रवक्ताको जिम्मेबारी निर्वाचित राष्ट्रिय अध्यक्षले गर्नेछ।

(घ) केन्द्रीय कार्यकारिणी समितिको पदाधिकारीको लागि मनोनयन शुल्क रू १५,००० रहनेछ भने केन्द्रीय कार्यकारिणी सदस्यहरूको लागि मनोनयन शुल्क रू ५००० रहनेछ। योग्य उम्मेदबारहरूले उम्मेदबारी मनोनयन शुल्क पार्टीको आधिकारिक खातामा जम्मा गरी सोको रसीद सहित उम्मेदबारी मनोनयन पत्र तोकिएको मितिमा दाखिला गराउनु पर्नेछ। मनोनयन पत्रको फारम अनुसूचीमा दिए बमोजिम हुनेछ र मनोनयन पत्र janamatparty@gmail.com मा पठाउनुपर्नेछ। पार्टीको खातामा दाखिला भएको रकम कुनै पनि कारणले फिर्ता गरिने छैन।

(ङ) कुनै पनि केन्द्रिय कार्यकारिणी सदस्य पदमा निर्वाचित हुन खसेको मत संख्याको २०% कटाएको हुनुपर्छ। साथै केन्द्रिय कार्यकारिणी समितिको सदस्यमा खुल्ला तर्फ एउटा जिल्लामा बढीमा ५ जना सदस्य मात्रै निर्वाचित हुन सक्नेछन्।

(च) निर्वाचित हुन नसकेका वा रिक्त रहेका केन्द्रिय कार्यकारिणी सदस्यहरूको हकमा निर्वाचित केन्द्रीय सचिवालयले मनोनित गर्नेछ।

(छ) केन्द्रिय कार्यकारिणी समिति कुनै पदाधिकारी वा सदस्य पदको लागि मतपत्रमा निर्वाचन हुन लागेको पदसंख्या भन्दा बढी मत हालेमा माथिबाट आवश्यक

उम्मेदबारमा परेको मत मात्रै राखी अन्य मतलाई अमान्य मानिनेछ। मतपत्रमा उम्मेदबारहरूको नाम उम्मेदबारी दिएको क्रम अनुसार राखिनेछ।

(ज) उम्मेदबारी दिने मापदण्ड:

A. केन्द्रिय कार्यकारिणी समिति सदस्यमा उम्मेदबारी दिने मापदण्ड: केन्द्रिय कार्यकारिणी समितिमा उम्मेदबारी दिन जिल्ला वा अन्य केन्द्रिय निकाय (विभाग, मोर्चा, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुंज)को कार्यकारिणी समितिको पदाधिकारी रहेको (सो नभएमा संयोजक/सहसंयोजक/इन्चार्ज/सहइन्चार्ज) वा केन्द्रिय समिति, विशेष समितिहरू, राष्ट्रिय परिषद् वा प्रदेश समितिको सदस्यको रूपमा काम गरेको वा गरिरहेको हुनुपर्नेछ। सो कुरा मनोनित गरिनुपर्ने सदस्यहरूको हकमा लागू हुने छैन। (धारा १७)

B. केन्द्रिय कार्यकारिणी समितिको पदाधिकारीमा उम्मेदबारी दिने मापदण्ड: स्थायी समितिको सदस्य भएको वा केन्द्रिय कार्यकारिणी समितिमा काम गरेको वा गरिरहेको वा विशेष समितिको प्रमुखको रूपमा काम गरेको वा गरिरहेको वा केन्द्रिय समितिमा दुई कार्यकाल पूरा गरेको हुनुपर्नेछ। पद रिक्त रही वा भई मनोनित गरिनुपर्ने सदस्यहरूको हकमा सो कुरा लागू हुने छैन। (धारा १७)

C. अध्यक्ष पदमा उम्मेदबारी दिने मापदण्ड: स्थायी समितिको सदस्य भएको वा केन्द्रिय कार्यकारिणी समितिको पदाधिकारी वा विशेष समितिको प्रमुखको रूपमा काम गरेको वा गरिरहेको पूरा गरेको हुनुपर्नेछ। (धारा १७)

D. अन्य आवश्यक योग्यताहरूः

1. क्रियाशील सदस्यता नवीकरण गरेको र लेवी बुझाएको,
2. केन्द्रीय अनुशासन समितिबाट चारित्रिक कैफियत नरहेको
    - उम्मेदबार हुन नपाउने गरी अनुशासनीय कारबाहीमा नपरेको,
    - विगतमा पार्टीको पदीय जिम्मेबारीमा रहँदा पार्टीको कोष, सम्पत्ति, सरसामान, डाटा आदि हिनामिना नगरेको तथा पार्टीको चल-अचल सम्पत्तिमा क्षति नपुऱ्याएको,
    - विगतमा पार्टीको पदबाट राजीनामा दिएर सो अस्वीकृत नरहेको,
    - विगतमा पदीय जिम्मेबारीमा रहँदा समितिको बैठकमा विना सूचना ३-पटकसम्म लगातार अनुपस्थित नरहेको,

- अनुशासन उल्लंघन हुने अन्य गम्भीर काम नगरेको ।

(झ) महाधिवेशन प्रतिनिधि सम्बन्धी व्यवस्थाः **महाधिवेशन प्रतिनिधिहरूको** सवालमा महाधिवेशनमा तपसील बमोजिमका सदस्यहरू अधिवेशन प्रतिनिधि रहनेछन्:

(i) वडा समितिमा निर्वाचित अध्यक्ष, महिला उपाध्यक्ष र सचिव (पूर्व तथा हालको अर्थात् पहिलो, दोस्रो र तेस्रो अधिवेशनबाट निर्वाचित)

(ii) स्थानीय तह(पालिका) र निर्वाचन क्षेत्रका निर्वाचित पदाधिकारीहरू (सदस्य बाहेक) (पूर्व तथा हालको)

(iii) प्रथम महाधिवेशनका सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरू

(iv) जिल्ला समन्वय समितिका सम्पूर्ण सदस्यहरू

(v) प्रदेश समन्वय समितिका सम्पूर्ण सदस्यहरू

(vi) केन्द्रिय समितिका सम्पूर्ण सदस्यहरू

(vii) राष्ट्रिय परिषद्का सम्पूर्ण सदस्यहरू

(viii) वरिष्ठ नेतृत्व मण्डल र मधेश नेतृत्व पूञ्जका सम्पूर्ण केन्द्रिय सदस्यहरू

(ix) विभाग र मोर्चाका सम्पूर्ण केन्द्रिय सदस्यहरू

(x) स्थानीय निर्वाचनमा वडाअध्यक्ष, पालिका प्रमुख/उपप्रमुख/ अध्यक्ष/उपाध्यक्षका उम्मेदबारहरू

(xi) जिल्ला कार्यकारिणी समिति, प्रदेश कार्य समितिले, राष्ट्रिय परिषद् समिति हरेकले ५० को संख्यामा नबढ्ने गरी अन्य सदस्यहरूको नाम महाधिवेशन प्रतिनिधिको रूपमा सिफारिश गर्न सक्नेछ। सो सूची केन्द्रीय सचिवालय समितिबाट अनुमोदन हुनुपर्नेछ र सूची अनुचित लागेमा समितिले त्यसमा आवश्यक फेरबदल गर्न निर्देशन दिन सक्नेछ। त्यसका साथै केन्द्रीय सचिवालयले पनि कूल महाधिवेशन प्रतिनिधि संख्याको १०% नबढ्ने गरी महाधिवेशन प्रतिनिधिहरू तोक्न सक्नेछ।

(ञ) महाधिवेशन सम्बन्धी अन्य व्यवस्थाहरू केन्द्रिय सचिवालयले जारी गरेको महाधिवेशन निर्देशिका २०८३ ले तोकेबमोजिम हुनेछ।

## ३. महाधिवेशन निर्वाचन कार्यतालिका

**२०८३ भाद्र २१ आइतबार गतेसम्म**: सम्पूर्ण वडा/पालिका/जिल्ला अधिवेशनहरूको विवरण आइपुग्नुपर्ने/ सम्पूर्ण केन्द्रिय र प्रदेश निकाय, विभाग र मोर्चाको केन्द्रिय र प्रदेश समितिको विवरण आइपुग्ने पर्ने

**२०८३ भाद्र २८ आइतबार गतेसम्म**: जिल्लाबाट मनोनित गरिएका सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूको विवरण आइपुग्नुपर्ने।

| | |
|---|---|
| भाद्र २९ गते सोमबार | मतदाता नामावली प्रकाशन |
| भाद्र ३० गते मंगलबार | मतदाता नामावली प्रति दावीविरोध (विहान १०:०० बजेदेखि सांझ ५:०० बजेसम्म) |
| भाद्र ३१ गते बुधबार | अन्तिम मतदाता नामावली प्रकाशन |
| | |
| २०८३ असोज १ गते बिहीबार विहान १०:०० बजेदेखि सांझ ५:०० बजेसम्म | उम्मेदबार मनोनयन पत्र दर्ता |
| असोज २ गते शुक्रबार | उम्मेदबार नामावली प्रकाशन |
| असोज ३ गते शनिबार | उम्मेदबार उपर दाबीविरोध (विहान १०:०० बजेदेखि सांझ ५:०० बजेसम्म) |
| असोज ४ गते आइतबार | उम्मेदबारले नाम फिर्ता लिने (विहान १०:०० बजेदेखि सांझ ५:०० बजेसम्म) |
| असोज ५ गते सोमबार | उम्मेदबारको अन्तिम नामावली प्रकाशन |
| | |
| असोज ९ गते शुक्रबार | केन्द्रीय कार्यकारिणी समितिको बैठक |
| असोज १० गते शनिबार | महाधिवेशन र मतदान |
| असोज ११ गते आइतबार | मतगणना तथा परिणाम घोषणा, केन्द्रीय कार्यकारिणी समितिको बैठक |

उम्मेदबारी मनोनयनपत्र दर्ता, मनोनयन फिर्ता, दाबीविरोध वा अन्य सञ्चार janamatparty@gmail.com को ठेगानामा पठाएर गर्नुपर्नेछ।

## ४. महाधिवेशन कार्यक्रमको प्रारूप

२०८३ आश्विन १० गते शनिबार:

विहान १०:०० बजे: महाधिवेशन कार्यक्रम शुरु/उद्घाटन सत्र

दिउँसो १२:०० बजे – २:०० बजे: राजनैतिक र आर्थिक प्रतिवेदन पेश, संशोधित विधान पेश

दिउँसो २:०० बजे – ५:०० बजे: बन्द सत्र (मतदान)

- पदाधिकारी सहित केन्द्रीय कार्यकारिणी समिति निर्वाचन गर्ने

साँझ ७:०० बजे: महाधिवेशन कार्यक्रम समाप्ति तथा बिदाइ

## ५. प्रतिनिधि तथा स्वयंसेवकहरूलाई मार्गनिर्देश:

(क) महाधिवेशन प्रतिनिधिहरू २०८३ आश्विन १० गते शनिबार विहान १०:०० बजे सम्ममा आइपुग्नु पर्नेछ। प्रतिनिधिहरू विहान आइपुग्ने र साँझ ७:०० बजेतिर फर्किने गरी आफ्नो कार्यक्रम बनाउनु पर्दछ।

(ख)महाधिवेशन प्रतिनिधिहरूले आफ्नो परिचयपत्रको रूपमा नागरिकता/मतदाता परिचयपत्र/चालक अनुमति पत्र वा पहिचान खुल्ने तस्वीर सहितको कुनै एउटा आधिकारिक परिचय पत्र पनि लिएर आउनुपर्नेछ।

(ग) प्रतिनिधि तथा स्वयंसेवकहरूले आउने जाने तथा खानाको व्यवस्था आफैंले गर्नुपर्नेछ। कार्यक्रम स्थलमा होटलहरूमा सो दिन निक्कै नै भीड़ हुन सक्ने भएकाले खाना न पाउन सक्छ। यसर्थ कार्यक्रम स्थल छिर्नु अगावै सकेसम्म खाना खाइसक्दा उपयुक्त हुनेछ।

(घ) साँझ करीब ७:०० बजे कार्यक्रम समाप्तिपछि विभिन्न जिल्लाबाट आएका सम्पूर्ण सहभागीहरू सोही दिन फर्किनेछन्। महाधिवेशन अवधिभरि सहभागीहरूले अनुशासित भएर बस्नुपर्नेछ। महाधिवेशन स्थलमा कुनै किसिमको धुम्रपान र मद्यपान गर्नु गराउनु हुँदैन।

## ६. विभिन्न सम्पर्क व्यक्तिहरू

(क) महाधिवेशन समितिहरूः

महाधिवेशन निर्वाचन समिति

संयोजक: श्री संजय कुमार सिंह

विधान संशोधन कार्यदल

संयोजक: मा. संजय कुमार यादव, राष्ट्रिय सचिव

महाधिवेशन व्यवस्थापन समिति:
संयोजक श्री ओम प्रकाश सर्राफ, 9802920875

(ख)सचिवालय संयोजक (अधिवेशन प्रतिवेदन, महाधिवेशन प्रतिनिधि नामावली, दाबीविरोध): श्री राजेश कुमार मण्डल 9804793880, 9829799222 (औपचारिक मनोनयन दर्ता, मनोनयन फिर्ता, दाबीविरोध आदि janamatparty@gmail.com इमेल मार्फत् मात्रै गर्नुहोला)

उम्मेदबारको फोटो
टाँस्नुहोला

श्री प्रमुखज्यू
केन्द्रिय निर्वाचन समिति
जनमत पार्टी

विषय: केन्द्रीय सचिवालय **पदाधिकारी उम्मेदबार**
मनोनयन पत्र

महोदय,

उपरोक्त सम्बन्धमा जनमत पार्टीको महाधिवेशन २०८३ मा म निम्न पदको लागि योग्य भएकोले आफ्नो उम्मेदबारी दिएको छु। उम्मेदबारी मनोनयन शुल्क रू १५००० (फिर्ता नहुने) जनमत पार्टीको खातामा **मेरो नामबाट** जम्मा गरेको रसीद यसैसाथ संलग्न छ।

**उम्मेदबारी दिएको पदः** .......................................................

- ☐ राष्ट्रिय अध्यक्ष-१,
- ☐ राष्ट्रिय उपाध्यक्ष -बढीमा ७,
- ☐ राष्ट्रिय महासचिव-१,
- ☐ राष्ट्रिय उपमहासचिव-१
- ☐ राष्ट्रिय सचिव बढीमा ७

उम्मेदबारको नामः........................................................................ मोबाइल नं.....................................................
हालको पद...........................................................................................हालको समिति...........................................
जनमत पार्टी सदस्यता नं..................................................................सदस्यता लिएको मितिः.............................
प्रदेश..........................................................................................................जिल्ला...........................................................
गाउँपालिका/नगरपालिकाः...............................................................वडा नं............................................................
लिङ्ग........................उमेर...........................शिक्षा...........................पेशा...................................................................
संक्षिप्त राजनैतिक परिचय तथा योगदान
..........................................................................................................................................................................................
..........................................................................................................................................................................................
..........................................................................................................................................................................................

.............................
हस्ताक्षर

मितिः.............................................

कृपया निम्न कागजातहरू संलग्न गरेर मनोनयन पत्र janamatparty@gmail.com मा इमेल गर्नुहोला।

- ☐१. बैंकको भौचर वा डिपोजिटको प्रतिलिपी
- ☐२. नवीकृत क्रियाशील सदस्यता पत्रको प्रतिलिपी
- ☐३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी

जनमत पार्टीको बैंक खाता:- नाम: JANAMAT PARTY, A/C No: 1960100000029001 CURRENT ACCOUNT NPR,
राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार, काठमाडौं, SWIFT Code: RBBANPKA

उम्मेदबारको फोटो टाँस्नुहोला

श्री प्रमुखज्यू
केन्द्रिय निर्वाचन समिति
जनमत पार्टी

विषय: केन्द्रीय कार्यकारिणी सदस्य पदको उम्मेदबार मनोनयन पत्र

महोदय,

उपरोक्त सम्बन्धमा जनमत पार्टीको महाधिवेशन २०८३ मा म **केन्द्रीय कार्यकारिणी सदस्य पदको** लागि योग्य भएकोले आफ्नो उम्मेदबारी दिएको छु। उम्मेदबारी मनोनयन शुल्क रू ५००० (फिर्ता नहुने) जनमत पार्टीको खातामा **मेरो नामबाट** जम्मा गरेको रसीद यसैसाथ संलग्न छ।

उम्मेदबारको नाम:........................................................................ मोबाइल नं..................................................
हालको पद.......................................................................................हालको समिति.........................................
जनमत पार्टी सदस्यता नं.....................................................................सदस्यता लिएको मिति:...........................
प्रदेश............................................................................................जिल्ला......................................................
गाउँपालिका/नगरपालिका:.....................................................................वडा नं.....................................................
लिङ्ग.......................उमेर..........................शिक्षा..........................पेशा..........................................................
संक्षिप्त राजनैतिक परिचय तथा योगदान
..............................................................................................................................................................
..............................................................................................................................................................
..............................................................................................................................................................

............................
मिति:............................................ हस्ताक्षर

कृपया निम्न कागजातहरू संलग्न गरेर मनोनयन पत्र janamatparty@gmail.com मा इमेल गर्नुहोला।

- ▢१. बैंकको भौचर वा डिपोजिटको प्रतिलिपी
- ▢२. नवीकृत क्रियाशील सदस्यता पत्रको प्रतिलिपी
- ▢३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी

जनमत पार्टीको बैंक खाता:- नाम: JANAMAT PARTY, A/C No: 1960100000029001 CURRENT ACCOUNT NPR, राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार, काठमाडौं, SWIFT Code: RBBANPKA

श्री प्रमुख ज्यू
केन्द्रिय निर्वाचन समिति
जनमत पार्टी

विषय: मनोनयन फिर्ता

महोदय,

उपरोक्त सम्बन्धमा जनमत पार्टीको महाधिवेशन २०८३ मा म निम्न पदको उम्मेदबारी दिएकोमा सो उम्मेदबारी फिर्ता लिन चाहेकोले राजीखुशी सहीछाप गर्दछु।

**उम्मेदबारी दिएको पदः** .......................................................
उम्मेदबारको नाम:........................................................................... मोबाइल नं..................................................

.............................
मिति:..............................................  हस्ताक्षर

नोट: कृपया मनोनयन फिर्ताको निवेदन janamatparty@gmail.com मा इमेल गर्नुहोला।

श्री प्रमुख ज्यू
केन्द्रिय निर्वाचन समिति
जनमत पार्टी

विषय: दाबीविरोध सम्बन्धमा

महोदय,

उपरोक्त सम्बन्धमा जनमत पार्टीको महाधिवेशन २०८३ को विषयमा महाधिवेशन प्रतिनिधि/मतदाता सूची/उम्मेदबारी सम्बन्धी मेरो निम्नअनुसारको दाबी विरोध रहेको छ।

दाबीविरोध (प्रमाण सहित)

..........................................................................................................................................................................................
..........................................................................................................................................................................................
..........................................................................................................................................................................................
..........................................................................................................................................................................................
..........................................................................................................................................................................................

भवदीय

.............................

मिति:.............................................

हस्ताक्षर

दाबी गर्नेको नाम:............................................................................ मोबाइल नं..................................................
जनमत पार्टी सदस्यता नं.................................................................सदस्यता लिएको मिति:..............................
प्रदेश......................................................................................................जिल्ला.........................................................
गाउँपालिका/नगरपालिका:..........................................................वडा नं.........................................................

नोट: कृपया आधिकारिक प्रमाण सहित दाबीविरोध janamatparty@gmail.com मा इमेल गर्नुहोला।